# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## छायाँनाथ रारा नगरपालिका
## मुगु




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## छायाँनाथ रारा नगरपालिका

## मुगु




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## छायाँनाथ रारा नगरपालिका

## मुगु

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन

तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण निर्देशनालय, कर्णाली प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ६४ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,
छायाँनाथ रारा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
मुगु ।

## कैफियत सहितको राय

हामीले छायाँनाथ रारा नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. १० करोड २० लाख ३२ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु २२ लाख ४७ हजार फस्योंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ७१ लाख २० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ६० लाख ८३ हजार, नियमित गर्नुपर्ने रु ५ करोड ४८ लाख ६० हजार र पेश्की रू. २ करोड १७ लाख २२ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु २८ करोड ३६ लाख ५० हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु २६ करोड २६ लाख ४६ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण

प्रतिवेदनमा औल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(................)

नायब महालेखापरीक्षक

छयाँनाथ रारा नगरपालिका, मुगु

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६२ | ६४ | १०२०३२ | ० | ७ | २२४७ | ६२ | ५७ | ९९७८५ | ७१२० | ५४८६० | १६०८३ | ० | ० | ७०९४३ | २१७२२ |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ४०.३ | बिमा बाफत भुक्तानीको असुली | ३०००० |
| २ | ४३ | धरौटी खाता बाट पूँजीगत खर्चको भुक्तानी असुल | ३९०२५० |
| ३ | ४५ | आलेप बाट कायम बेरुजु असुल | ३२६८८६ |
| ४ | ६४ | पेश्की फस्योंट | १५००००० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| छयाँनाथ रारा नगरपालिका मुगु | २८३६५० | ० | १२०७८९ | १६२८६१ | ० | ९९७८५ | २६२६४६ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : छायानाथ रारा नगरपालिका, मुगु , छायाँनाथ रारा नगरपालिका , मुगु

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | ललित जङ्ग मल्ल | २०७८-१२-४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | जगत जङ्ग रावल | २०७८-१२-४ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ९९,७८४,५३१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ९,८५,५८,९१७.६५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४४,९५,२१,१९२ | **चालु खर्च** | ३५,०९,९०,८१० |
| **प्रदेश सरकारबाट अनुदान** | ३,८७,५३,००० | **पूँजीगत खर्च** | १९,६६,३६,९५२.५ |
| **राजश्व बाँडफाँट** | ८,४६,२१,०५५.४९ | **वित्तीय/अन्य व्यवस्था** | २१,७४,९०,२६९.९८ |
| **आन्तरिक आय** | १,३६,४१,६८३.९८ | | |
| **अन्य आय** | १४,४२,९९,८३५.९८ | | |
| **कुल आय** | ७३,०८,३६,७६७.४५ | **कुल खर्च** | ७६,५१,१८,०३२.४८ |
| **बाँकी मौज्दात** | | ६,४२,७७,६५२.६२ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>

**परिचय**

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस छायाँनाथ रारा नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु छायाँनाथ रारा नगरपालिकाको उद्देश्य रहेको छ । यस छायाँनाथ रारा नगरपालिका अन्तर्गत १४ वडा, ७२ सभा सदस्य, ४८०.६७वर्ग किलोमिटर क्षेत्रफल तथा २५ हजार ३४६ जनसंख्या रहेको छ ।<br>
लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७९।६।६ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :

</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>

**स्थानीय संचितकोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

आर्थिक वर्ष २०७८।७९ को एकीकृत आर्थिक विवरण

<table>
<tr><th colspan="4">आय तर्फ</th><th colspan="4">व्यय तर्फ</th></tr>
<tr><th>सिनं</th><th>विवरण</th><th>रकम</th><th>कैफियत</th><th>सिनं</th><th>विवरण</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>1</td><td>गत वर्षको जिम्मेवारी</td><td></td><td></td><td>1</td><td>नगरपालिका चालु</td><td>१४४६४६८२७</td><td></td></tr>
<tr><td></td><td>क) बैक</td><td>९८५५८९१७।६५</td><td></td><td>2</td><td>संघ सशर्त चालु</td><td>२०६३४३९८३।००</td><td></td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | (तलको तालिका) | |

| | | | | | | | |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| 2 | राजश्व | | | 3 | नगरपालिका पुँजीगत | १३९७९५६०७।५० | |
| | क) आन्तरिक राजश्व | १३६४१६८३।९८ | | 4 | संघ शशर्त पुँजीगत | ५६८४१३४५।०० | |
| | ख) राजश्व बाँडफाँड | ८३८८१२८५.६४ | | 5 | संघ निकाशा फिर्ता | २८३६१७४९।०० | |
| 3 | संघ वित्तिय हस्तान्तरण | | | 6 | संघ विशेष अनुदान | २११६३९२३।०० | |
| | क) समानीकरण अनुदान | १२८१०००००।०० | | 7 | संघ समपुरक अनुदान | ८७१०१९२।०० | |
| | ख) सशर्त अनुदान | २९१३९७०००।०० | | 8 | प्रदेश सशर्त पुजीगत | ७०६१४६८।६१ | |
| | ग) समपुरक अनुदान | ८८६०१९२।०० | | 9 | प्रदेश निकाशा फिर्ता | ६०८६५३१।३९ | |
| | घ) विशेष अनुदान | २११६४०००।०० | | 10 | प्रदेश विशेष अनुदान | ३४९९९९९।०० | |
| 4 | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | 11 | प्रदेश समपुरक अनुदान | ६००००००।०० | |
| | क) समानीकरण अनुदान | १४२१४०००।०० | | 12 | प्रदेश सशर्त चालु | १८९१००० | |
| | ख) सशर्त अनुदान | १५०३९०००।०० | | 13 | वित्तिय व्यवस्था भुक्तानी | | |
| | ग) समपुरक अनुदान | ६००००००।०० | | 14 | क) साँवा/ऋण/व्याज प्रासी | | |
| | घ) राजश्व बाँडफाँड | ७३९७६९.८५ | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see table below) | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ङ) विशेष अनुदान | ३५००००० | | 16 | ऋण शेयर अन्य लगानी | | |
| | | | | 17 | धरौटी फिर्ता | १७४०२३८ | |
| 5 | विभाज्यकोष खातामा आम्दानी | ३७९५५० | | 18 | मुख्यमन्त्री रोजगार कार्यक्रम | २४२२३११३।०० | |
| 6 | वित्तिय वयवस्था प्राप्ति | | | 19 | प्रदेश तथा स्थानीयत तह सहयोग कार्यक्रम | ५४६६३८७।०० | |
| | क) साँवा/ऋण/व्याज प्रासी | | | 20 | सामाजिक विकास मन्त्रालय | ४९८००० | |
| 7 | वित्तिय कोष तर्फको आय | | | 21 | गरिबसँग विश्वेश्वर कर्यक्रम | ४६४००० | |
| 8 | धरौटी आय | १०५४६९८५ | | 22 | सामाजिक सुरक्षा तथा संरक्षण | ९४७९३३१० | |
| 9 | विषयगत निकायबाट प्राप्त रकम | | | 23 | स्थानीय तह प्रशासकीय भवन पुर्वाधार विकास कर्यक्रम | ३५१२२८४ | |
| | क) मुख्यमन्त्री रोजगार कार्यक्रम | २४२२३११३ | | 24 | युनिसेफ | ३६२८०७५ | |
| | ख) प्रदेश तथा स्थानीयत तह सहयोग कार्यक्रम | ५४६६३८७।०० | | 25 | ज)सामाजिक विकास कार्यालयबाट | ३९०००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ग) सामाजिक विकास मन्त्रालय | ४९८००० | | | | | |
| | घ) गरिबसँग विश्वेश्वर कर्यक्रम | ४६४००० | | 26 | विभाज्य कोष खातमा मौज्दात | ३७९५५० | |
| | ङ) सामाजिक सुरक्षा तथा संरक्षण | ९४७९३३१० | | 27 | धरौटी खातामा मौज्दात | ८८०६७४७ | |
| | च) स्थानीय तह प्रशासकीय भवन पुर्वाधार विकास कर्यक्रम | ३५१२२८४ | | 28 | बैंक मौज्दात (संचित खाता) | ५४६९३२२३.६२ | |
| | छ) युनिसेफ | ३६४३४४२ | | 29 | बैंक मौज्दात (अन्य खर्च खाता) | ३९८१३२. | |
| | ज) सामाजिक विकास कार्यालयबाट | ३९०००० | | | | | |
| | झ) कृषि क्षेत्र विकास कार्यक्रम | ३८२७६५ | | | | | |
| | | | | | | | |
| | जम्मा | ८२९३९५६८५।१० | | | | ८२९३९५६८५।१० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३</td><td></td><td></td><td>वित्तीय विवरण<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br><br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br><br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेकोमा जसबाट स्थानीय तहको असर मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु ३०५१५१७७।१५ ले फरक देखिएको छ ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।<br>सुरु मौज्दातमा फरक रकम - गत वर्ष नगरपालिकाले सुत्रको आधारमा तयार गरेको वित्तीय वितरणको अन्तिम बैंक मौज्दात रु.८९८७०३७२।१५ लाई लेखापरीक्षणबाट समेत प्रमाणिकरण भई प्रतिवेदनमा समावेश गरिएकोमा यस वर्ष कार्यालयले पेश गरेको एकिकृत आय-व्यय विवरणमा शुरु मौज्दात रु.९८५५८९१७।६५ कायम भई रु.८६८८५४५।५० बढी मौज्दात सारेको छ। तर उक्त फरक रकमको कारण सहित समायोजन हिसाव तयार गरेको छैन । अतः उक्त फरक रकम सम्वन्धमा समायोजन हिसाव पेश हुनुपर्ने रु.</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>बैंक हिसाब मिलान विवरण<br><br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु. ३०५१५१७७।१५<br><br><table><tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ताअनुसार २०७९।३।३२को बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार २०७९।३।३२ को बाँकी</th><th>फरक</th><th>फरक पर्नाको कारण</th></tr></table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | चालु खर्च खाता | ५७८३६८७.३२ | **६२५०९१२.३२** | **४६७२२५** | **२०७९असारमा चेक जारी भ**ई २०७९ श्रावण महिनामा चेक साटीएको तथा निकाशा फिर्ता श्रावण महिनामा भएकोले फरक पर्न गएको । |
| २ | पूजीगत खर्च खाता | १८३५७०३३ | **२४३४३२५८** | **५९८६२२५** | **२०७**९ असारमा चेक जारी भइ २०७९ श्रावण महिनामा चेक साटीएको तथा निकाशा फिर्ता श्रावण महिनामा भएकोले फरक पर्न गएको । |
| ३ | धरौटी खाता | ८८०६७४७ | **८४१६४९७** | **३९०२५०** | **रु ३**,९०,२५० को पूजीगतको चेक धरौटी खाताबाट साटएकोले फरक पर्न गएको । |
| ४ | संचित खाता नं | ५७३२१७० | **५७३२१७०** | **०** | - |
| ५ | आन्तरिक अनुदान खाता | ० | ६१९८२५० | **६१९८२५०** | **२०७९ श्रावण महिनामा बैकबाट संचित खातामा ट्रान्सफर भएकोले फरक पर्न गएको ।** |
| ६ | अन्य खर्च खाता | ९९६८८४.५ | **९९६८८४.५** | **०** | - |
| ७ | राजश्व बाँडफाड बाट प्रास | ० | १३२७०६७३.६६ | **१३२७०६७३.६६** | **२०७९ श्रावण महिनामा बैकबाट संचित खातामा ट्रान्सफर भएकोले फरक पर्न गएको ।** |
| ८ | प्रकोप व्यवस्थापन कोष | २०५३६४ | २०५३६४ | ० | - |
| ९ | विविध कोष खाता | **०** | ० | ० | - |
| १० | विभाज्य कोष खाता | ३७९५५० | **३७९५५०** | **०** | - |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>११</td><td>आन्तरिक राजश्व खाता</td><td>०</td><td>४२०२५५३.४९</td><td>४२०२५५३.४९</td><td>२०७९ श्रावण महिनामा बैकबाट संचित खातामा ट्रान्सफर भएकोले फरक पर्न गएको ।</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४०२६१४३५.८२</td><td>६९९९६११२.९७</td><td>३०५१५१७७.१५</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>खाना तथा विविध खर्चः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.१४,९२,३९८।०० खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>आर्थीक सहायताः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष कार्यविधि निर्माण गरी २२१ जनालाई रु.४२,००,०००।०० आर्थिक सहायता वितरण गरेका छन् ।आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>नाफामूलक संस्थालाई अनुदान<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका १(एक) वटा संस्थाको कार्यालय व्यवस्थापन खर्चमा लागि रु.९,००,०००।०० अनुदान उपलब्ध गराएको छन।तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन ।
<table>
<tr><th>संस्थाको नाम</th><th>प्रयोजन/कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td>पत्रकार महासंघ</td><td>कार्यालय व्यवस्थापन खर्च</td><td>९,००,०००।००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>रु.९००,०००।००</td></tr></table></td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>बार्षिक खरिद योजना/गुरुयोजना<br><br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२७३७३०८८४/- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>नक्शा पासः<br><br>स्थानीय सरकार संचालन ऐन, 2074 को दफा 27 (1) मा कसैले पनि नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने र 27(5) मा नगरपालिकाले प्रचलित कानून र नेपाल सरकारले तोकेको मापदण्ड विपरीत नहुने गरी भवन निर्माणको मापदण्ड तोक्न सक्ने व्यवस्था छ । तर नगरपालिका स्वंयमले आफ्नो भवन निर्माण र कभर्ड हल निर्माणको लागि मापदण्ड नतोकेको र नक्सा समेत पास गरेको छैन ।सेवाग्राहीको भवन निर्माणको लागि नक्सा पास गर्ने निकायले आफ्नै भवन, कभर्ड हल समेतको नक्सा पास नगरी निर्माण कार्य गराएको नियमित नदेखिएको रु.<table><tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr><tr><td>९.१</td><td>नक्शा पास</td><td>२,४२,३८,८८७</td></tr></table></td><td>२४,२३८,८८७</td></tr>
<tr><td>१०</td><td></td><td></td><td>आयको अनुमानः</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२,८०,००,०००.० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.८४,४४,९२८।९८ अर्थात अनुमान भन्दा ६९.८४ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>आन्तरिक आयः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><br><table><tr><th>केन्द्रिय अनुदानबाट खर्च</th><th>आन्तरिक आय</th><th>आन्तरिक आय प्रतिशत</th></tr><tr><td>५७,२८,९५,२४७।४९</td><td>८४,४४,९२८।९८</td><td>१.४७</td></tr></table>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.४७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>कर तथा शुल्क असुली<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका हेर्नुहोस्) | |

| सिनं | विवरण | अनुमान | आम्दानी | असुली प्रतिशत |
|---|---|---|---|---|
| १ | भूमि मालपोत कर | १५३१९१३ | ४१०४७१६.४९ | २६७.९५ |
| २ | घर बहाल कर | ४४५५००० | १०१६९५१.९६ | २२.८३ |
| ३ | व्यवसाय कर | ५०७८७०० | ५०३०४५ | ९.९ |
| ४ | एकीकृत सम्पत्ती कर | ८४६४६७ | | - |
| ५ | बहाल बिटौरी कर | २५३९३५ | | - |
| ६ | अन्य मनोरञ्जन कर | १२६९६८ | | - |
| ७ | कृषि तथा पशुपन्छीमा लाग्ने कर | १२६९६७५ | | - |
| ८ | न्यायीक दस्तुर | २५३९४ | ३०० | १.१ |
| ९ | प्रशासनिक सेवा शुल्क | १०७५४१५ | २९२३९२.५३ | २७.१८ |
| १० | पार्किङ्ग शुल्क | १५२३६१० | २१३१८० | १३.९९ |
| ११ | सिफारिस दस्तुर | १२६९६८ | ६४००० | ५०.४ |
| १२ | व्यक्तिगत घटना दस्तुर | २५३९३५ | ४११३४ | १६.१९ |
| १३ | अन्य दस्तुर | ५०५२१६८ | १३००० | ०.२५ |
| १४ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ६३४८३४ | १४९४०० | २३.५३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१५</td><td>प्रशासनिक दण्ड जरिवाना</td><td>१२६९७</td><td>०</td><td>-</td></tr>
<tr><td>१६</td><td>एफ एम रेडियो संचालन</td><td>५०७८७</td><td>०</td><td>-</td></tr>
<tr><td>१७</td><td>अन्य राजश्व</td><td>५६८१५३४</td><td>२०४६८०९</td><td>३६.०२</td></tr>
<tr><td></td><td></td><td>२८००००००</td><td>८४४४९२८.९८</td><td></td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>राजश्वको अभिलेखः<br><br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>राजश्व दाखिला<br><br>आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत १४ वटा वडा पालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्रास गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| १५ | | | **व्यवसाय कर**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ५,०३,०४५।०० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अद्यावधिक गरेको छन ।जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आप्mनो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| १६ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची 14 वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २053 को नियम 6 क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 13 बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ५७ जनाको दरबन्दी रहेकोमा ३७ दरबन्दी रिक्त रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन 2049 को दफा 7 ख 2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु.३,७७,२०,५०१/- तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>• पालिकाले गत वर्षको वास्तविक खर्च चालु बर्षको वजेट शिर्षकगत आयोजना गत बजेट विनियोजन सहितको बार्षिक प्रगति प्रतिवेदन सार्वजनिक गरेको छैन ।<br>• पालिकाले सामुदायिक विद्यालयलाई दिईने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आय-व्ययको लेखा, अनुशासनको पालना गरेको छैन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **वेरुजूको लगत**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायितव ऐन,२०७७ को नियम ८८ अनुसार कार्यालयले महालेखा परीक्षकको कार्यालयबाट प्राप्त लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजूको लगत अनुसुची-१३ बमोजिमको ढाँचामा राख्रु पर्ने व्यवस्था रहेको छ । कार्यालयले हालसम्म अनुसूची-१३ बामोजिम को बेरुजू लगत तयार गरी अद्यावधिक गरी राखेको छैन । | |
| १८ | | | **बजेट पेश, पारित र अख्तियारी**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री सुन्तला रोकायाले मिति २०७८।०३।१० गते रु.७५ करोड ८९ लाख १४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।२७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| १९ | | | **बजेट सीमा निर्धारण समिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **सम्पत्ति हस्तान्तरण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| २१ | | | **कानून र सञ्चालन स्थिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले अहिलेसम्म ३१ ऐन, ८ नियमावली ,५२ कार्यविधि,२ आचारसंहिता, २ मापदण्ड, ३ निर्देशिका, १ प्रतिकार्य योजना र १ शिक्षाका बृहत्तर योजना गरी जम्मा १०० बटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको विवरण पेश गरेको छ । | |
| २२ | | | **न्यायीक समिति**<br><br>– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ७ र यो बर्ष थप भएको ६ गरी कुल १३ विवाद दर्ता भएकोमा ९ वटा मात्र फछ्र्यौट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><th>गत आ.व सम्म फछ्यौंट नभएको विवाद संख्या</th><th>यो आ.व मा दर्ता भएको विवाद संख्या</th><th>यो आ.व मा कुल पछ्यौंट भएको विवाद संख्या</th><th>कुल फछ्यौंट बाँकी विवाद</th></tr>
<tr><td>७</td><td>६</td><td>९</td><td>४</td></tr>
</table></td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ३७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>कर्मचारी करार<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले इन्जीनियर, विभिन्न प्राविधिकहरु तथा अन्य विभिन्न पदमा ३०० जना कर्मचारीहरु करारमा राखि रु. ४,५२,६१,६०२/- खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदहरुमा इन्जीनियर, विभिन्न प्राविधिकहरु, विद्यालय चौकिदार, खानेपानी चौकिदार, सडक रक्षक,सरसफाई सहजकर्ता जस्ता विभिन्न पदमा २२९ जना करार नियुक्ति गरी बर्षभरीमा रु.२,३४,५२,५२६/- भुक्तानी गरेको अनियमित देखिएको रु.</td><td>२३,४५२,५२६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr><tr><td>२४.१</td><td>करार कर्मचारी</td><td>२,३४,५२,५२६</td></tr></table></td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>बढी व्यय भार<br><br>अर्थमन्त्रालयको च.नं.121 मिति 2078/03/27 गतेको वित्तिय समानिकरण अनुदानको प्रयोग सम्वन्धि विषयको पत्रमा यस पालिकालाई सम्वोधन गरि मिति 2078/03/25 गतेको सचिव स्तरिय निर्णय भई आएको छ । उक्त पत्रमा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन 2074 को दफा 21 को उपदफा ४ मा प्रदेश तथा स्थानीय तहहरुले आफुले उठाएको राजश्व र यस ऐन बमोजिम राजश्व बाँडफाँटवाट प्राप्त हुने रकमवाट प्रशासनिक खर्च पुग्ने गरी राजश्वर व्ययको अनुमान पेश गर्नुपर्ने छ भन्ने प्रावधान रहेको छ । सोहि ऐनको दफा 28 मा अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोहि प्रयोजनको लागि मात्र प्रयोग गर्नुपर्ने वाध्यात्मक व्यवस्था रहेको छ । विनियोजन ऐन 2077 को दफा 7 को उपदफा 2 र विनियोजन अध्यादेश 2078 को दफा 7 को उपदफा 2 मा समेत सोही प्रकारको व्यवस्था रहेको छ । उपरोक्त कानुनी व्यवस्था अनुसार नेपाल सरकारवाट स्थानीय तहहरुलाई उपलब्ध हुने वित्तीय समानिकरण अनुदानको रकमलाई प्रशासनिक खर्चको प्रयोजनमा प्रयोग गर्न मिल्ने नदेखिएको र स्थानीय सरकारले आफ्नो प्रशसानिक खर्च आफ्नै आन्तरिक राजश्व तथा राजश्व बाँडफाँडवाट प्राप्त हुने रकमवाट मात्र ब्यहोर्नु पर्ने व्यवस्था गरेको हुदा वित्तीय समानिकरण अनुदानको रकमवाट करार सेवामा मासिक पारिश्रामिक भुक्तानी गर्ने जस्तो प्रशासनिक खर्च गर्न नमिल्ले व्यहोरा मिति 2078/03/25 गतेको निर्णय अनुसार अनुरोछ छ भन्ने उल्लेख छ । पालिकाले पालिकाको लागि मन्त्रिपरिषदवाट स्वीकृत दरवन्दी 57 मध्ये २० जना स्थायी रहेको र ३०० जना करार नियुक्ति गरेको देखिन आयो यस वर्ष पालिका आफै आर्जन गरेको राजश्व रु.८४,४४,९२८।९८ राजश्व बाँडफाँडवाट रु.८३८८१२८५।६४ र प्रदेश राजश्व बाँटफाडबाट रु.७३९७६९।८५ समेत रु.८२,९३,९५,६८५।१२ भएकोमा रु.७६,५१,१८,०३२।३९ खर्च गरेको छ । पालिकालाई आवश्यक पर्ने भन्दा बढी दरवन्दी सृजना गरी करारमा नियुक्त गर्न कानूनसम्मत देखिएन । आवश्यकता भन्दा वढी कर्मचारी नियुक्ति गर्ने नगरप्रमुख समेतलाई जिम्मेवार बनाईनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>दरवन्दी अवस्थाः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६.१ | | | -पालिकाले विभिन्न मितिमा ३०० जना करारमा इन्जिनियर, सव इन्जिनियर, प्रशासन सहायक, कार्यालय सहयोगी, मिडिया साहायक,खानेपानी चौकिदार,विद्यालय चौकिदार, सडक रक्षक, इलेक्टिसियन स्वीपर जस्ता र 30 जना नगर प्रहरी नियुक्ति गरेको छ पालिका स्थापना भएदेखि लोकसेवा आयोगमा दरवन्दी पदपुर्ति गर्न माग गरेको छैन पालिका प्रमुखले तजविजीको आधारमा आफ्नै निर्णयले लोकसेवा माग नगरी करारमा कर्मचारी नियुक्ति गरी बार्षिक रु.४,५२,६१,६०२/- खर्च गरेको छ ।<br><br>-नगरप्रहरी पालिकाले मिति २०७७ चैत्र ३ गते पालिका प्रमुखको निर्णायले ३० जना नगर प्रहरी नियुक्ती गरि बार्षिक तलब भत्ता वापत रु. १,३७,८४,४३६/- खर्च गरेको छ । भुगोल जनसंख्या र सेवाग्राहीको चाप पालिकाको आम्दानी आदिको विश्लेशण गर्दा नगर प्रहरी नियुक्ति गर्नुपर्ने कारण वारे जानकारी माग गर्दा नगर प्रमुख सहितको छलफलमा स्पष्ट जवाफ प्राप्त भएन । यस बारे पुर्नविचार हुनुपर्दछ । | |
| २६.२ | | | निजामती सेवा ऐन, २०४९ को दफा ७(क) मा निजामती सेवाको कुनै पद रिक्त भएमा त्यसको सूचना पद रिक्त भएको एक महिना भित्रमा सम्बन्धित कार्यालयले लोक सेवा आयोगमा लेखि पठाउनुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न पद खालि रहँदा पनि पदपुर्तिको लागी लोकसेवा आयोगमा लेखि पठाउनुपर्नेमा करार सेवामा ३०० पदपुर्ति गरेकोले स्थायी दरवन्दीको तुलनामा करार पदपुर्ति ५२६ प्रतिशत रहेको देखिन आयो । | |
| २७ | | | **गत वर्षको दायित्व भुक्तानीः**<br><br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७७।७८ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई ६६,९८,८२३।०० भुक्तानी दिन बाँकी रहेको बिबरण राखी नगरसभाको निर्णय बमोजिम यो बर्ष (२०७८।७९) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ । | |
| २८ | | | **चौमासिक खर्च** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| क.स.स | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ म |
| १ | चालु खर्चतर्फ | ४५८२२५ | १०४१२३ | १०७२८२ | २४६८२० | १४६७३ |
| २ | पूँजिगत खर्चतर्फ | २७०७०२ | ५५७९ | ७२१६३ | १९२९५९ | १२९७५ |
| | जम्मा | ७२८९२९ | १०९७०२ | १७९४४५ | ४३९७७९ | २७६४८ |
| | प्रतिशत | १०० | १५.०५ | २४.६२ | ६०.३३ | ३७.९३ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ७२ करोड ८९ लाख २९ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.१० करोड ९७ लाख २ हजार अर्थात १५.०५ प्रतिशत, दोश्रो चौमासिकमा रु.१७ करोड ९४ लाख ४५ हजार, अर्थात २४.६२ प्रतिशत र तेश्रो चौमासिकमा रु. ४३ करोड ९७ लाख ७९ हजार , अर्थात ६०.३३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.२७ करोड ६४ लाख ८७ हजार अर्थात ३७.९३ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

२९

**क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>क.स</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत<br>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>४०५७८०००।००</td><td>२५०२४३८०।०</td><td>३.४३</td></tr>
<tr><td>२</td><td>सामाजिक विकास</td><td>४१०२६०१४१।००</td><td>३५९३२२०१७।००</td><td>४९.२९</td></tr>
<tr><td>३</td><td>पूर्वाधार विकास</td><td>३१२२६८००४।००</td><td>१८२९१२१०६।००</td><td>२५.१०</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>५</td><td>सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्र</td><td>२७१५५३०१।००</td><td>२४६७४९१७।००</td><td>३.३८</td></tr>
<tr><td>६</td><td>कार्यालय संचालन तथा प्रशासनिक</td><td>१५०६१५४७७।००</td><td>१३६९९६०९४।००</td><td>१८.८०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>९४०८७६९२३</td><td>७२८९२९५१४</td><td>१००.००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४९.२९ प्रतिशत र आर्थिक विकास मा सबै भन्दा घटीमा ३.४३ प्रतिशत रहेको छ ।
</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम तर्जुमा<br><br>: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ३१ | | | **खर्च बिश्लेषणः**<br><br>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.८४,४४,९२८।९८ राजस्व बाँडफाँड र अनुदानबाट रु.८२,०९,५०,७५६।१२ समेत रु. ८२९३९५६८५।१० आम्दानी भएकोमा चालु तर्फ रु.३५,०९,९०,८१०।०० र पूँजीगत तर्फ रु.१९,६६,३६,९५२।५० र बित्तिय ब्यबस्था तर्फ रु ०।०० समेत रु.५४,७६,२७,७६२।५० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.५४ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ९३,८३,५००।०० खर्च भएको छ जुन आन्तरिक आयको १११.११ प्रतिशत रहेको छ जुन आन्तरिक आयको ११.११ प्रतिशत बढी हो । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४२.७५ प्रतिशत चालु र २३.९५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले विकास निर्माण कार्यक्रम संचालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधीकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| ३२ | | | **वडा सचिवको पदपूर्ति**<br><br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।<br><br><table><tr><th>वडा संख्या</th><th>वडा सचिवको दरबन्दी</th><th>वडा सचिवको पदपूर्ति</th><th>रिक्त वडा सचिव</th></tr><tr><td>१४</td><td>१४</td><td>३</td><td>११</td></tr></table> | |
| ३३ | | | **सेवाप्रवाहको स्थिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार ३१ ऐन, ८ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>नियमावली ,५२ कार्यविधि,२ आचारसंहिता, २ मापदण्ड, ३ निर्देशिका, १ प्रतिकार्य योजना र १ शिक्षाका बृहत्तर योजना गरी जम्मा १०० बटा कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :<br><br>
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>३</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>११७८</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>११३</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>२०</td></tr>
<tr><td>विवाह दर्ता</td><td>१६०</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>१</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>०</td></tr>
</table></td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>लक्ष्य र प्रगतिः</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्यालयले चौमासिक र बार्षिक स्तरका प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयन<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८÷७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br><br>
<table>
<tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि ३ लाखसम्म</th><th>रु ३ लाखदेखि १० लाखसम्मका</th><th>रु १०लाख देखि २५ लाखसम्मका</th><th>रु २५ लाखभन्दा बढीको</th><th>जम्मा</th></tr>
<tr><td>९</td><td>२३</td><td>३६</td><td>२८</td><td>२३</td><td>११९</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष जम्मा १४० वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ९ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>पदाधिकारी सुविधा</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
नेपालको संविधानको धारा २२७ मा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.९३०३५००।००सुविधा वापत भुक्तानी भएको छ ।
<table>
<tr><th>सि.नं</th><th>विवरण</th><th>नगरप्रमुख</th><th>नगर उपप्रमुख</th><th>वडा अध्यक्ष १४ जना</th><th>कार्यपालिका सदस्य ८ जना</th><th>सभाका सदस्य जना</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>बैठक भत्ता</td><td></td><td></td><td></td><td></td><td></td><td>४८३५००।०</td></tr>
<tr><td>२</td><td>यातायात खर्च</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३</td><td>टेलिफोन,मोबाइल</td><td>३००००।०</td><td>३००००।०</td><td>४२००००।०</td><td>१२००००।०</td><td>४८००००।०</td><td>१०८००००।०</td></tr>
<tr><td>४</td><td>पत्रीका</td><td>३००००।०</td><td>३००००।०</td><td>४२००००।०</td><td>१२००००।०</td><td>४८००००।०</td><td>१०८००००।०</td></tr>
<tr><td>५</td><td>अनुगमन</td><td>१८००००।०</td><td>१४००००।०</td><td>११२००००।०</td><td>४०००००।०</td><td>१२०००००।०</td><td>३०४००००।०</td></tr>
<tr><td>६</td><td>अतिथि सत्कार</td><td>५००००।०</td><td>५००००।०</td><td>७०००००।०</td><td>१२००००।०</td><td>४८००००।०</td><td>१४०००००।०</td></tr>
<tr><td>७</td><td>खानेपानी /सरसफाई</td><td>५००००।०</td><td>४००००।०</td><td>२८००००।०</td><td>१२००००।०</td><td>२४००००।०</td><td>७३००००।०</td></tr>
<tr><td>८</td><td>बिजुली</td><td>४००००।०</td><td>३००००।०</td><td>१४००००।०</td><td>४००००।०</td><td>२४००००।०</td><td>४९००००।०</td></tr>
<tr><td>९</td><td>चाडपर्व खर्च</td><td></td><td></td><td></td><td></td><td></td><td>१०८००००।००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>९३८३५००।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>मिडिया सहायक</td><td>४१९,८८०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर पालिकाको मिडिया सहायकका रुपमा अधिकृत स्तर तलब भत्ता भुक्तानी हुने गरी श्री नन्द बहादुर रोकायालाई नियुक्त गरी मासिक रु.३४,९९०।०० का दरले रु.४१९८८०।०० भुक्तानी भएको नियम सम्मत नभएको रु.<br><br>\| क्रम \| कर्मचारीको नाम \| असुली रकम \|<br>\| ३७.१ \| मेडिया सहायक \| ४,१९,८८० \| | |
| ३८ | | | **कर्णाली नदी तथा अन्य खोलामा बेलिब्रिज निर्माण (ठेक्का नं MUGU/CRM/W/NCB-7/077/078 )** | |
| ३८.१ | | | मुगु जिल्लाको कर्णाली र अल्का साँघुमा बेलिब्रिज निर्माण गर्न मू.अ.कर सहित रु.६ करोड ५ लाखको लागत अनुमान स्वीकृत गरी २०७८।३।२६ मा कार्य सम्पन्न गर्न जलप/रवि चक्र जे.भी. सँग २०७७।९।२९ मा रु.५२०५५९०२।७६ को सम्झौता भएकोमा कोभिड १९ महामारीको कारण भएको बन्दाबन्दी तथा वर्षातको समयमा सडक अबरुद्ध भई सामान ढुवानीमा समस्या परेको कारण जनाई २०७८।११।३१ सम्म (८ महिना) म्याद थप भएको देखिन्छ । यो वर्ष निर्माण व्यवसायीलाई दोश्रो रनिङ बिलसम्म रु.४,७९,९१,८२४।- भुक्तानी भएको छ। कार्य सम्पन्न गर्नुपर्ने म्याद समाप्त भई सकेको भएता पनि निर्माण व्यवसायीले लेखापरीक्षण अवधि २०७९।६।१० सम्म पनि कार्य सम्पन्न नगरेको साथै म्याद थपको लागि माग समेत गरेको छैन । उक्त निर्माण कार्यको सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्: | |
| ३८.२ | | | **पूर्वनिर्धारित क्षतिपूर्ति** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारण खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादभित्र सम्पन्न हुन नसकेमा निर्माण व्यसायीले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रति दिन ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । उक्त निर्माण कार्यको म्याद २०७८।११।३१ सम्म मात्र भएकोमा निर्माण व्यवसायीले दोश्रो रनिङ बिल २०७८।११।२६ मा पेस गरेको छ । सम्झौता बमोजिमको बेलिब्रिज निर्माण कार्य लेखापरीक्षण अवधिसम्म पनि सम्पन्न हुन नसकेको र म्याद थप पनि नभएकोले निर्माण सम्पन्न गर्नुपर्ने म्याद सकिएको २०७८।११।३१ | ५,२०५,५९० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | देखि लेखापरीक्षण अवधि २०७९।६।१० सम्मको २१० दिन को सम्झौता अंक रु.५२०५५९०२।७६ को अधिकतम १० प्रतिशतले हुने पूर्वनिर्धारित क्षतिपूर्ति रु.५२,०५,५९०।२० असूल गरी सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्ने रु.<br><br>क्रम \| कर्मचारीको/फर्म/संगठन नाम \| असुली रकम<br>३८.२.१ \| जलप/रवि चक्र जे.भी. \| ५२,०५,५९०.२ | |
| ३८.३ | | | **फोटोकपि बिल बाट खर्च :** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बील, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । उक्त निर्माण व्यवसायी जपल/रवि चक्र जे.भी. लाई बीजक नं. ००२ मिति २०७८।११।२६ को फोटोकपी बिजकको आधारमा दोश्रो रनिङ बीलको रु.१४४०९६०९।३१ भुक्तानी भएकोले उक्त फोटोकपी बिजकबाट भुक्तानी रकमको सक्कल बिल पेस गर्नुपर्ने रु.<br><br>क्रम \| कर्मचारीको/फर्म/संगठन नाम \| असुली रकम<br>३८.३.१ \| जपल/रवि चक्र जे.भी. \| १,४४,०९,६०९.३१ | १४,४०९,६०९ |
| ३८.४ | | | **मू.अ.कर समायोजन :** मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम २६(१) बमोजिम कर दर्ता भएको व्यक्तिले विक्रम संवत् अनुसारको एक महिनाको कर अवधिको कर विवरण सो अवधि समाप्त भएको मितिले २५ दिन भित्र अनुसूची १० बमोजिमको ढाँचामा सम्बन्धित कर अधिकृत समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यावसायी जपल/रवि चक्र जे.भी. (स्थायी लेखा नं.६१०५४५९५५) ले यस कार्यालय अन्तर्गत ठेक्का नं.७÷०७७।७८ बेलिब्रिज निर्माण कार्य गरी फोटोकपि बिल पेस गरी दोश्रो रनिङ बिल रु.१४४०९६०९।३१ (मू.अ.कर | १,१६०,४२० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सहित) को भुक्तानी भएको छ । उक्त निर्माण व्यवसायीको प्यान सर्च गर्दा २०७६/७७ देखि नै कर विवरण नबुझाई नन् फाइलर देखिएकोले कार्यालयबाट कट्टी भई दाखिला भएको ३० प्रतिशत मू.अ.कर बाहेक बाँकी ७० प्रतिशत मू.अ.कर रकमको कर समायोजन पत्र पेश गर्नुपर्ने रु.
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr>
<tr><td>३८.४.१</td><td>जलप/रवि चक्र जे.भी.</td><td>११,६०,४२०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३८.५</td><td></td><td></td><td>बीमा : सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ११२ मा दश लाख रुपैंया भन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री, मेशिन, निर्माण कार्यमा संलग्न जनशक्ति लगायतको बीमा गर्नुपर्ने व्यवस्था छ भने खरिद संझौतामा निर्माण अवधि (संझौता अवधि) समेट्ने गरी बीमा गर्नुपर्ने व्यवस्था छ । जलप/रवि चक्र जे भी ले ठेक्का नं MUGU/CRM/W/NCB-7/077/078 कर्णाली र अल्का साँघुमा बेलिब्रिज निर्माण कार्यको गत बर्ष नै प्रथम रनिङ बिल पेस गरी बीमा बापतको रु.५१२९३६।१९ भुक्तानी लिएकोमा बीमा गरेको प्रमाण पेस नगरेकोले सो कार्यको निर्माण अवधि समेट्ने गरी बीमा गरेको प्रमाण पेस गर्नुपर्ने अन्यथा बीमा बापत भुक्तानी लिएको रकम असूल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr>
<tr><td>३८.५.१</td><td>जलप/रवि चक्र जे.भी.</td><td>५,१२,९३६.१९</td></tr>
</table>
</td><td>५१२,९३६</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>चैन खोला र कोटिला खोलाको अल्का साँघुमा बेलिब्रिज निर्माण (ठेक्का नं.MUGU/CRM/W/NCB-13/078/79)</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९.१ | | | चैनखोला र कोटिलामा बेलिब्रिज निर्माण गर्न मू.अ.कर सहित रु.६९२८५०६५।- को लागत अनुमान तयार गरी २०७९।३।४ (४ महिना) मा कार्य सम्पन्न गर्न निर्माण व्यवसायी जलप/रवि चक्र जे.भी.सँग २०७८।१२।०४ मा सम्झौता भएको छ । यो वर्ष निर्माण व्यवसायीलाई रु.१३७७१३२७।- मोबिलाइजेसन पेश्की समेत दिएको छ । उक्त निर्माण कार्यको खरिद सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्: | |
| ३९.२ | | | **बोलपत्रको सूचना प्रकाशन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ११ र १४ मा बोलपत्रद्वारा खरिद गर्नुपर्दा खुला रुपमा आह्वान गरी खरिद गर्नुपर्ने र त्यस्तो बोलपत्र आह्वानको सूचना राष्ट्रियस्तरको समाचारपत्रमा प्रकाशन गर्नुपर्ने साथै त्यस्तो समाचारपत्रमा प्रकाशित सूचना सार्वजनिक खरिद अनुगमन कार्यालयको वेब साइटमा समेत राख्न सकिने व्यवस्था छ । त्यसैगरी त्यस्तो बोलपत्र आह्वानको सूचनामा बोलपत्र पेश गर्ने अवधि कम्तीमा ३० दिन दिनु पर्ने र सो अवधि भित्र कुनै बोलपत्र नपरेमा पुनः बोलपत्र आह्वान गर्दा १५ दिनको समयावधि दिई पुनः बोलपत्र आह्वान गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त बेलिब्रिज निर्माण कार्यको खुल्ला रुपमा राष्ट्रियस्तरको समाचारपत्रमा बोलपत्र आह्वान नगरी बोलपत्र आह्वानको सूचना २०७८।९।२ मा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेब साइटमा राखेको जनाएको छ । सो वेब साइटमा राखेको भनेको सूचनामा बोलपत्र पेस गर्नुपर्ने अवधि २०७८।१०।३ सम्म तोकिएकोमा उक्त अवधिसम्म कुनै पनि बोलपत्र नपरेकोले कानून अनुसार कम्तीमा १५ दिनको समयावधि राखी पुनःबोलपत्र आब्हान गर्नुपर्नेमा कार्यालयले २०७८।१०।३ देखि ७ दिनको अवधि राखी पुनःबोलपत्र आह्वानको सूचना सार्वजनिक खरिद अनुगमन कार्यालयको वेब साइटमा राखेको जनाएको छ । यसरी कार्यालयले खुला रुपमा राष्ट्रियस्तरको समाचारपत्रमा बोलपत्र आह्वानको सूचना प्रकाशन नगरी केही सीमित बोलपत्रदातालाई फाइदा हुने किसिमले प्रतिस्पर्धा सीमित हुने गरी खरिद प्रक्रिया अगाडि बढाएकोले उक्त कार्य गर्ने सम्बन्धित पदाधिकारीलाई कारबाही गरी जिम्मेवार बनाउनु पर्दछ । | |
| ३९.३ | | | **लागत अनुमान स्वीकृत नभएको** : सार्वजनिक खरिद नियमावाली, २०६४ को नियम १४ मा कार्यालयले निर्माण कार्यको लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गर्नुपर्ने व्यवस्था छ । कार्यालयले चैनखोला र कोटिलामा बेलिब्रिज निर्माण गर्नका लागि बि.जी.एस.बिल्डर्सबाट डि.पी.आर प्राप्त गरी सोही प्रतिवेदनमा उल्लेखित अनुमानित रकम रु.६९२८५०६५।- लाई नै लागत अनुमान मानेको भएता पनि कार्यालय प्रमुखले लागत अनुमान स्वीकृत नगरी खरिद प्रक्रिया अगाडि बढाएको देखिन्छ । लागत अनुमान स्वीकृत गरेर मात्र खरिद प्रक्रिया अगाडि बढाउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९.४ | | | **बोलपत्रको पूर्णताको परीक्षण तथा खरिद सम्झौता** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २८ मा कुनै खरिद कारबाहीमा भाग लिने प्रयोजनका लागि बोलपत्रदाताहरुले कुनै संयुक्त उपक्रम (जे.भी.) बनाई बोलपत्र पेश गर्न सक्ने साथै त्यस्तो संयुक्त उपक्रम (जे.भी.) खरिद सम्झौताको लागि छनौट भएमा सार्वजनिक निकायले त्यस्तो संयुक्त उपक्रम (जे.भी.) लाई आन्तरिक राजस्व कार्यालयमा मू.अ.कर दर्ता गर्न लगाई सम्झौता बमोजिमको कार्य गर्न लगाउनु पर्ने व्यवस्था छ । त्यसैगरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(२) बमोजिम बोलपत्रको मूल्याङ्कन गर्नु अघि अन्य कुराको अतिरिक्त नियमावलीको नियम ६२ अनुसार पूर्णताको परीक्षण गर्दा बोलपत्रदाता संयुक्त उपक्रमको साझेदारको रुपमा एक भन्दा बढी बोलपत्रमा संलग्न भए नभएको परीक्षण गरी मूल्याङ्कन समितिमा पेश गर्नुपर्ने व्यस्था छ । यसरी कुनै एक खरिद कार्य गर्नका लागि बनेको उपक्रम (जे.भी.) ले सम्झौता बमोजिमको कार्य भन्दा बाहेक अर्को खरिद कार्यमा सोही उपक्रमको रुपमा भाग लिन समेत पाउने देखिँदैन । प्रतिस्पर्धा सीमित हुने गरी मिति २०७८।९।२ मा बोलपत्र आब्हान गरेकोमा बोलपत्र पेस गर्ने अवधि (थप अवधि समेत) को अन्तिम समय २०७८।१०।१० मा एक मात्र जलप/रवि चक्र जे.भी.को कबोल अंक रु.६८८५६६३९।८८ को बोलपत्र पेस हुन आएको छ । उक्त जलप/रवि चक्र जे.भी. यसै कार्यालय अन्तर्गतको कर्णाली नदी तथा अन्य खोलामा बेलिब्रिज निर्माण (ठेक्का नं MUGU/CRM/W/NCB-7/077/078 ) को लागि गठन भई खरिद सम्झौताको लागि छनौट भएकोमा सम्झौताको कार्य सम्पन्न समेत नगरेको साथै खारेज समेत नभएको र २०७६।७७ देखि नै मू.अ.कर समेत समायोजन नगरी नन्फाइलर रहेको स्थिती छ । बोलपत्रको पूर्णताको परीक्षण गर्दा नै बोलपत्र मूल्याङ्कन समितिले बोलपत्र पेश गर्ने संयुक्त उपक्रम एक भन्दा बढी बोलपत्रमा संलग्न भए नभएको परीक्षण गरी प्राविधिक तथा आर्थिक प्रस्तावको मूल्याङ्कनको लागि पेश गर्नुपर्नेमा एक भन्दा बढी बोलपत्रमा संलग्न भएको सो उपक्रमको बोलपत्र प्राविधिक तथा आर्थिक मूल्याङ्कनमा पेश गरी सारभूत रुपमा प्रभावग्राही भएको जनाई लागत अनुमान रु.६९२८५०६५।- को ०.६२ प्रतिशत मात्र न्यून रकमको बोलपत्र २०७८।११।२५ मा स्वीकृत गरी ३ महिनामा कार्य सम्पन्न गर्न २०७८।१२।४ मा सम्झौता भएको छ । यसरी खुला रुपमा राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन नगरी योग्य बोलपत्रदातालाई प्रतिस्पर्धाबाट बञ्चित गर्ने गरी बोलपत्र आह्वान गर्ने र बोलपत्रको पूर्णताको परीक्षणमै असफल हुने बोलपत्र प्राविधिक तथा आर्थिक मूल्याङ्कन पेश गरी लागत अनुमानको ०.६२ प्रतिशत न्युन रकमको बोलपत्र सारभूतरुपमा प्रभावग्राही देखाई सोही बोलपत्र स्वीकृत गरी गरेको खरिद कार्य प्रतिस्पर्धात्मक र मितव्ययी भयो भन्न सकिने अवस्था रहेन । | |
| ३९.५ | | | **मोबिलाइजेसन पेश्की** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता अनुसार निर्माण व्यवसायीलाई पेश्की दिँदा लिने बैङ्क जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नुपर्ने अवधि भन्दा कम्तीमा एक महिना भन्दा बढी अवधिको हुनुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीलाई उक्त ठेक्काको संझौता गरी २०७९।५।२९ सम्मको अवधिको | १३,७७१,३२७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>बैङ्क जमानत पेश गरी रु.१३७७१३२७।- मोविलाईजेशन पेश्की भुक्तानी भएकोमा पेश्कीको बैंक जमानतको म्याद समाप्त भइसकेको छ । जमानतको म्याद समाप्त भएको रकम सम्बन्धमा आवश्यक कारबाही गरी १० प्रतिशत व्याज सहित असुल हुनुपर्ने देखिएको रु.<br><table><tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr><tr><td>३९.५.१</td><td>जलप/रवि चक्र जे.भी.</td><td>१,३७,७१,३२७</td></tr></table></td><td></td></tr>
<tr><td>३९.६</td><td></td><td></td><td>पूर्वनिर्धारित क्षतिपूर्ति : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारण खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादभित्र सम्पन्न हुन नसकेमा निर्माण व्यसायीले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रति दिन ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । उक्त निर्माण कार्यको म्याद २०७९।३।४ सम्म मात्र भएकोमा निर्माण व्यवसायीले हालसम्म कुनै पनि बिल पेस गरेको छैन । सम्झौता बमोजिमको बेलिब्रिज निर्माण कार्य लेखापरीक्षण अवधिसम्म पनि सम्पन्न हुन नसकेको र म्याद थप पनि नभएकोले निर्माण सम्पन्न गर्नुपर्ने म्याद सकिएको २०७९।३।४ देखि सम्झौता अंकको दिनको ०.०५ प्रतिशतले हुने पूर्वनिर्धारित क्षतिपूर्ति असूल गरी सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>मुर्मा जलविद्युत आयोजना(ठेक्का नं.MUGU/CRM/EP/G-01/078.79)</td><td></td></tr>
<tr><td>४०.१</td><td></td><td></td><td>मुगु जिल्लाको मुर्मा खोलामा जलविद्युत आयोजनाको (इलेक्ट्रोनिक पार्ट) को निर्माण कार्य टेक्निकल इन्जिनियरिङ्ग डिजाइन कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन् प्रा.लि. अनामनगर, काठमाण्डौंले २०७९।२।२३ मा सम्पन्न गरी अन्तिम बिल समेत रु.६४,१६,८९६।८० भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः</td><td></td></tr>
<tr><td>४०.२</td><td></td><td></td><td>कार्यसम्पन्न प्रतिवेदन : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार गर्दा कार्यस्वीकार प्रतिवेदन दिनुपर्ने तथा नियम १२५ अनुसार कुनै निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायको प्रमुखले प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन दिनुपर्ने व्यवस्था छ । उक्त जलविद्युत</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आयोजना २०७९।२।२३ मा सम्पन्न भएकोले कार्यालयले कार्य स्वीकार प्रतिवेदन दिनुपर्नेमा त्रुटि सच्याउने अवधि बाकी छँदै २०७९।३४।१५ मा कार्यसम्पन्न प्रतिवेदन तयार गरेकोले सो आयोजनाको निर्माण व्यसायी त्रुटि सच्याउने अवधि बाँकी छँदै सो दायित्वबाट मुक्त हुने सक्ने भएकोले त्रुटि सच्याउने अवधि समाप्त भएपछि मात्र प्राविधिक कर्मचारीबाट नापजाँच गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४०.३</td><td></td><td></td><td>बीमा :<br>.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९। १२ ।१७ को निर्णयबाट रु. ३०००० ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>४१</td><td></td><td></td><td>उपभोक्ता समितिको कार्यमा निर्माण व्यवसायीको प्रयोग<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३क बमोजिम उपभोक्ता समितिले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न उपभोक्ता समितिसँग सडक निर्माणका लागि सम्झौता गरेकोमा उपभोक्ता समितिले ती निर्माण कार्य निर्माण व्यवसायीमार्फत गराई निर्माण व्यसायीको बिल पेस गरी भुक्तानी माग गरेकोमा निर्माण व्यवसायीबाट कार्य गराउने उपभोक्ता समितिसँगको सम्झौता रद्द गरी सो निर्माण कार्यमा संलग्न हुने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्नको लागि लेखी पठाउनु पर्नेमा कार्यालयले उपभोक्ताको अंश समेत कट्टा नगरी निर्माण व्यवसायीको बिल बमोजिमको रकम भुक्तानी दिने कार्यलाई नियमसम्मत मान्न नसकिने रु.
<table>
<tr><th>योजना</th><th>उपभोक्ता समिति</th><th>निर्माण व्यवसायी</th><th>करदाता नं</th><th>बिजक नं/मिति</th><th>उपभोक्ताको बिल</th><th>निर्माण व्यसायीलाई भुक्तानी रकम</th></tr>
</table></td><td>६,७४८,८१०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भियालबाडा देखि लिउडी रोड निर्माण</td><td>भियालबाडा देखि लिउडी रोड निर्माण उपभोक्ता समिति</td><td>बिराट कन्ट्रक्सन निर्माण सेवा, जुम्ला</td><td>६००१६४००१</td><td>बिजक नं नखुलेको/२०७८।११।५</td><td>६३६११००।-</td><td>५३६१६१०</td></tr>
<tr><td>लुम्सा देखि शोभा सडक खण्ड मर्मत</td><td>लुम्सा देखि शोभा सडक विस्तार काम उभोक्ता समिति</td><td>निशान निर्माण सेवा, सोरु, मुगु</td><td>३९४७८९७४६</td><td>०५/२०७९।२।११</td><td>१३८७२००</td><td>१३८७२००</td></tr>
</table>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>४१.१</td><td>छायाँनाथ रारा नगरपालिका</td><td>६७,४८,८१०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>
परामर्श सेवामा कर कट्टी नगरेको<br><br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार पेश्की फछ्र्यौट गर्दा सम्पन्न भएको कामको सम्बन्धमा खर्च गर्ने आवश्यक बिल, भरपाई र कागजात कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले काठमाण्डौं कानूनी परामर्श लाई पेश्कि दिएकोमा पेश्की पछ्र्यौट गरेकोमा परामर्श सेवाको बिल रु.१६००००।- पेश गरी कार्यालयले पेश्की फछ्र्यौट गर्दा परामर्श सेवामा लाग्ने १५ प्रतिशत कर रु.२४०००।- कर असुल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>४२.१</td><td>काठमाण्डौं कानूनी परामर्श, काठमाण्डौं</td><td>२४,०००</td></tr>
</table>
</td><td>२४,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **धरौटी खाताबाट पुँजीगत खर्चको भुक्तानी**<br><br>*.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९। १२ ।१७ को निर्णयबाट रु. ३९०२५० ।- सम्परीक्षण गरिएको ।)* | ० |
| ४४ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| ४५ | | | **आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) अनुसार स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यव्था छ । पालिकाले आन्तरिक लेखापरीक्षण निर्देशिका बनाई आन्तरिक लेखापरीक्षण गराउनु पर्नेमा हालसम्म आन्तरिक लेखापरीक्षण निर्देशिका बनाएको छैन । आन्तरिक लेखापरीक्षणबाट औंल्याएको निम्नानुसारको बेरुजु हालसम्म पनि असूल फछ्र्यौट नभएकोले उक्त रकम असूल फछ्र्यौट हुनुपर्ने देखिएको रु. | १,८९०,०२६ |

| सि.नं. | गो.भौ.नं. | आन्तरिक लेखापरीक्षणका मुख्य व्यहोरा | रकम |
|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | | |

| | | | |
| --- | --- | --- | --- |
| १ | ४२ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ अनुसार कुनै खर्च गर्नु आवश्यक परी सो शिर्षकमा चालु आ व को बजेटले नखाम्ने भएमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गरी राखी आगामी आर्थिक वर्षमा भुक्तानी दिन सकिने व्यवस्था छ । कार्यालयले भुक्तानी बाँकीको बिवरण नै नराखी निशान कम्प्युटर नेपालगञ्जलाई गत बर्षको भुक्तानी गरेको रकम नियमित मान्न नसकिने रु. | २४८४०० |
| २ | ६१ | झन्डा पुजा गर्नका लागी श्री सुर्य बहादुर शाहीले भुमल ऐडीबाट रु.२७५०० को खसी खरिद गर्दा आय कर ऐन, २०५८ अनुसार नियमानुसार कट्टी गर्नु पर्ने बहाल कर कट्टी नगरेको रकम असूल गर्नुपर्ने रु. | २३३० |
| ३ | ७९ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ अनुसार कुनै खर्च आवश्यक परी सो शिर्षकमा चालु आ व को बजेटले नखाम्ने भएमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गरी राखी आगामी आर्थिक वर्षमा भुक्तानी दिन सकिने व्यवस्था छ । कार्यालयले भुक्तानी बाँकीको बिवरण नै नराखी धौलागिरी सेन्टरलाई गत बर्षको भुक्तानी गरेको रकम नियमित मान्न नसकिने रु. | ४६०५५५ |
| ४ | ८४ | आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५ र नियमावलीको नियम ३९ अनुसार हलुका सवारी साधन मर्मत वापत मर्मत आदेश म.ले.प.फा.नं.४१४ स्वीकृत बेगर मर्मत गरिएको, फेरिएका सामाग्रीहरुको स्टोर दाखिला नगरिएको तथा खरिद ऐन, २०६३ बमोजिम | ३३७१३२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | | कोटेसन संलग्न नराखी गानापुर अटो वर्क प्रा.लि.लाई भुक्तानी गरिएको कार्यलाई नियमसम्मत मान्न नसकिने रु. | |
| ५ | १८६ | छाँयानाथ रारा नगरपालिका वडा नं.३ मा संचालित कुखुरा पालन कार्यक्रम अन्तर्गत कुखुराका चल्ला खरिद गर्दा स्टिमेट, उपभोक्ता बिल तथा कार्यसम्पन्न प्रतिवेदनमा प्रति चल्ला रु.३२० राखिएकोमा चल्ला खरिद बिल रु.३३० को पेश गरी बढी दरले भुक्तानी गरेको रकम असूल गर्नुपर्ने रु.<br>१ :- १०*१८० = १८०० असुलउपर रु....<br>२ :- नियमानुसार कट्टी गर्नु पर्ने बहाल कर रु १८०० असुलउपर रु.... | ३६०० |
| ६ | १८६ | आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ३९ उपनियम ५ बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टि गर्ने बिल, भरपाई, कागजात र प्रमाण संलग्न गर्नुपर्ने उल्लेख छ । नगरपालिकाकाले खाजा नास्ता बापत अनुसा टप होटललाई रु.३०३५०६ भुक्तानी गरिएकाले खर्चलाई पुष्टि गर्ने बिलभरपाई पेश नगरेको रु. | ३०३५०६ |
| ७ | २२० | आप्सना फेन्सी कलेक्सन बाट रु.१८७५० को ज्याकेट खरिद गरेकोमा हस्तान्तरण फारम बेगर खर्च जनाएकोले हस्तान्तरण फारम पेश गर्नुपर्ने | |
| ८ | २२४ | आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५ र नियमावलीको नियम ३९ अनुसार हलुका सवारी साधन मर्मत वापत मर्मत आदेश म.ले.प.फा.नं.४१४ स्वीकृत बेगर मर्मत गरीएको, फेरीएका सामाग्रीहरुको स्टोर दाखिला नगरीएको तथा खरिद ऐन, २०६३ बमोजिम कोटेसन संलग्न नराखी तथा सक्कल बिल विजक बेगर न्यू भेरी टेक्टर सप्लायर्सलाई गरिएको भुक्तानी नियमित मान्न नसकिने रु. | ५७५०५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ९ | २३९ | आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ परिच्छेद ५ मा पेश्की दिने र फछ्यौंट गर्ने ब्यावस्था रहेको छ । श्री चाउली नेपालीले रु.२००००० पेश्की फछ्यौंट गर्दा रु.४००० बहाल कर दाखिला नभएकोले उक्त रकम दाखिला गर्नुपर्ने रु. | ४००० |
| १० | २४२ | सुचना प्रकासन गरे वापत रु.२९९०४८ र अन्नपूर्ण एडभरटाईस्मेन्ट एण्ड प्रिन्टर्सलाई रु.९५३४४ गरी रु.३९४३९२ भुक्तानी गरिएको छ । सावजनिक खरिद ऐन अनुसार सुचना प्रकासन गर्दा मिताव्यायी हुने देखिन्छ । | |
| ११ | २५४ | मसलन्द तथा कार्यालय सामाग्री खर्च शिर्षकबाट हिमाली चुलो उद्योगलाई रु.३३३९२ भुक्तानी गरिएको छ । उक्त सामाग्रिहरुको हस्तान्तरण फारम संलग्न नभएको, इन्टर सफ्ट आई.टि.ट्रेडलाई बिना बिल विजक भुक्तानी गरिएको रु.१८२२२ सहित रु.५१६१४ खर्च पुष्टि गर्ने प्रमाण पेश गर्नपर्ने अन्यथा असुलउपर गर्नुपर्ने रु. | ५१६१४ |
| १२ | २५९ | आर्थिक कार्यविधी नियमावली आनुसार सरकारी रकम खर्च गर्दा उक्त कारोवार पुष्टि हुने विवरण संलग्न हुनु पर्ने व्यावस्था छ । तर अन्य सेवा शुल्क बाट रु.२५००० खर्च गर्दा उक्त कारोवार पुष्टि गर्ने कागजात संलग्न नरहेकाले खर्च पुष्टि गर्ने कागजात पेश गर्नुपर्ने रु. | २५००० |
| १५ | २९१ | अन्य सेवाशुल्क खर्च शिर्षक बाट रु.२२६८० नापी कार्यालयलाई भुक्तानी गरिएको तर उक्ता खर्च के कामका लागि खर्च भुक्तानी गरिएको हो खुल्ने कागजात संलग्न नहारेकाले, खर्च पुष्टि गर्ने आवस्यक कागजात पेश गर्नुपर्ने रु. | २२६८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १६ | ३०४ | आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५ र नियमावली नियम ३९ अनुसार हलुका सवारी साधन मर्मत वापत मर्मत आदेश म.ले.प.फा.नं.४१४ स्वीकृत बेगर मर्मत गरिएको, फेरिएका सामाग्रीहरुको स्टोर दाखिला नगरिएको तथा खरिद ऐन, २०६३ बमोजिम कोटेसन संलग्न नराखी तथा सक्कल बिल विजक बेगर न्यू भेरी गनापुर अटो लाई रु.२९८००० भुक्तानी गरिएको कार्यलाई नियमसम्मत मान्न नसिकिने रु. | २९८००० |
| १७ | ३२४ | आयकर ऐन, २०५८ आनुसार पारिश्रमिक कर सम्बन्धित ब्यावस्था रहेको छ । तर कानुनी सलाहाकार केन्द्रलाई निवेदन र लिखित जवाफ लेखे वापत रु.५०००० भुक्तानी गर्दा नियमानुसार कट्टी गर्ने पर्ने पारिश्रमिक कर कट्टी नगरिएकाले पारिश्रमिक कर असुल गरी दाखिला गर्नुपर्ने रु. | ६७५० |
| १८ | ३६७ | गरिव सँग नगर प्रमुख कार्यक्रम अन्तर्गत यकल महिला कृषि समुह ले रु.४००००० आनुदान प्राप्त :<br>-पिकअप चालक गोविन्द कामीले ५०० वटा कुखुराका चल्ला नेपालगञ्ज वाट गमगढी बजारसम्म ढुवानी गरे वापत रु.४०००० बुझेको तर संलग्न बिल हेर्दा ३५० वटा मात्र चल्ला नेपालगञ्ज खरिद भएको र बाँकि १५० चल्ला यसै गमगडी बजारबाट खरिद भएकाले नियमानुसार वहाल कर भुक्तानी नभएकाले असुल गरी दाखिला गर्नुपर्ने रु. | ४००० |
| १९ | ३७३ | वडा नं १ सचिप श्री जय बहादुर नेपालीले पेश्की फछ्यौंट गर्दा उपस्थित नभएका ब्याक्तिलाई भुक्तानी करको बैठक भत्ता बापतको रकम असूल गरी दाखिला गर्नुपर्ने रु. | ३४०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>
<table>
<tr><td>नाम/थर</td><td>बैठक संख्या</td><td>दर</td><td>जम्मा</td></tr>
<tr><td>जय बहादुर नेपाली</td><td>२</td><td>८५०</td><td>१७००</td></tr>
<tr><td>सिमा कुमारी सुनार</td><td>१</td><td>८५०</td><td>८५०</td></tr>
<tr><td>हस्त बहादुर मल्ल</td><td>१</td><td>८५०</td><td>८५०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०</td><td>४५९</td><td>अमर सिङ बुढाले वडा कार्यालय संचालन खर्चको पेश्की फछ्यौंट गर्दा रु.१६३८० को सक्कल बिल विजक संलग्न नरहेकाले सक्कल बिल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.</td><td>१६३८०</td></tr>
<tr><td>२१</td><td>४२१</td><td>कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, परिच्छेद २ को नियम २.५ बमोजिम संबन्धित कार्यालयले संचालन गरेको तालिममा सोहि कार्यालयको श्रोतब्यक्ति प्रशिक्षक भएमा कक्षा वापत पारिश्रमिक नपाउने तर कार्यपत्र वापत रु.१००० मात्र पाउने व्यवस्था छ । तर मालिका स्वावलम्भी संजाल समुहको पेश्की फछ्यौंट गर्दा यस पालिकाका कर्मचारीहरुले तोकेको दर भन्दा बढी दरले भुक्तानी लिएकोले बढी भुक्तानी असूल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><td>क्र.स</td><td>कर्मचारीहरुक को नाम</td><td>पद</td><td>रकम</td><td>बढी रकम</td></tr>
<tr><td>१</td><td>बसन्ता खनाल</td><td>स.म.बि.नि.</td><td>२८०५</td><td>८०५</td></tr>
<tr><td>२</td><td>केवल बोहोरा</td><td>परिचालक</td><td>२३३५</td><td>३३५</td></tr>
</table>
</td><td>११४०</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २२ | ४८२ | पत्र पत्रिका छपाई तथा सुचना प्रकासन खर्च शिर्षक वाट tri laxmi advertisising pvt.लाई सक्कल बिल बिजक बिना भुक्तानी गरिएकाले सक्कल बिल बिजक पेश गर्नुपर्ने रु. | १२१५० |
| २३ | ६६ | बुहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत सामाजिक परिचालक श्री केवल बोहोराले करार सम्झौता बेगर पर्व खर्च वापतको रकम रु.२०००० भुक्तानी गरीएकाले असुलउपर गर्नुपर्ने रु | २०००० |
| २४ | ९६ | निजामति सेवा ऐन, २०४९ दफा २७ मा वहाल भएको मिती देखी तोकीएको तलव भत्ता र एक वर्षको सेवा अवधी पुरा गरे पछि तोकीएको बमोजिम तलव बृद्दी हुने व्यावस्था रहेको छ आधारभूत तहका शिक्षक श्री विमल बहादुर हमालले शिक्षक तलवी प्रतिवेदन अनुसार प्रा.वि. तृतीय तहको मासिक तलव भत्ता रु.३४३३४ पाउनु पर्ने तर मासिक रु ३६२५२ भुक्तानी गरीएकाले बढी भएको तलव भत्ता रु १९०८×५ = ९५४० असुलउपर गर्नुपर्ने रु. | ९५४० |
| २५ | १०२ | गरिवी निवारणका लागि लघु उद्दम विकास कार्यक्रम अन्तर्गत मेनका शाहीको पेश्की फछ्र्यौट गर्दा आफ्नो कार्यक्रमको आफै अनुगमन गरे वापत मेनका शाहीले अनुगम भत्ता रु.३००० बुझी लेएकाले असुल उपर गर्नुपर्ने रु. | ३००० |
| २६ | १३० | उद्यम विकास सहजकर्ता मनिषा मल्लले पेस्की फछ्र्यौट गर्दा सहायक चौथों श्री हिम बहादुर बढुवाललाई दैनिक भ्रमण भत्ता वापत रु५००० भुक्तानी गरीएको तर उक्त समयमा कार्यालयमा नै दैनिक हाजिर रएकाले भ्रमण खर्च नियमावली, २०६४ असुल उपर गर्नुपर्ने रु. | ५००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २७ | १९१ | सार्वजिक खरिद ऐन २०६३ र नियमावलीमा २०६४ मा खरिद विधी र प्रक्रियाको व्यावस्था गरीएको छ सि.अ.न.मि. बिर्सना शाहीले एकै प्रकृत्तिका विभिन्न औषधि जन्य सामग्रीहरु सिलबन्दी दरभाउपत्र मार्फत खरिद गर्नु पर्नेमा टुक्रा पारि सोझै खरिद गरेको नियमित मान्न नसकिने रु. | ३००००० |
| २८ | १४ | कोभिड महामारी शिक्षा खर्च शिर्षक अन्तर्गत भवानी आ.वि. माथि घुईरलाई रु .९६००० भुक्तानी गर्दा नापी किताव, कार्यसम्पन्न प्रतिवेदन, उपभोक्ता विल मा १२.५ mm cement plestering (१:४) दर rate analysis अनुसार रु.५१४.५५ रहेको तर भुक्तानी गर्दा रु.६९८.५० अनुसार भुक्तानी भएकाले नर्म्स भन्दा बढी भुक्तानी १८३.९५ × १६.४७ = ३०३० असुलउपर गर्नुपर्ने रु. | ३०३० |
| २९ | २३ | कोभिड महामारी शिक्षा प्रतिकार्य अन्तर्गत वैकल्पिक सिकाइ सहजीकरणका लागि गोर्खा बहादुर खड्काको पेश्की फछ्यौंट गर्दा नियमानुसार कट्टी गर्नु पर्ने बहाल कर कट्टी नगरिएकाले कर कट्टी गरी दाखिला गर्नुपर्ने रु. | १८२०० |
| | | जम्मा | २२१६९१२ |

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ४५.१ | मिति **२०७९-१२-१७** मा रु 16380.00 सम्परीक्षण गरिएको | ० |
| ४५.२ | मिति **२०७९-१२-१७** मा रु 3000.00 सम्परीक्षण गरिएको | ० |
| ४५.३ | मिति **२०७९-१२-१७** मा **रु** 4000.00 सम्परीक्षण गरिएको | ० |
| ४५.४ | मिति **२०७९-१२-१७** मा **रु** 303506.00 सम्परीक्षण गरिएको | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | ४५.५ | इन्टर सफ्ट आई टि ट्रेड | ५१,६१४ | |
| | | | ४५.६ | कानूनी सल्लाहकार केन्द्र | ६,७५० | |
| | | | ४५.७ | केबल बोहोरा | २०,००० | |
| | | | ४५.८ | गानापुर अटो वर्क प्रा लि | ३,३७,१३२ | |
| | | | ४५.९ | गोर्खा बहादुर खड्का | १८,२०० | |
| | | | ४५.१० | छायाँनाथ रारा न पा | २५,००० | |
| | | | ४५.११ | छायाँनाथ रारा न पा | २२,६८० | |
| | | | ४५.१२ | छायाँनाथ रारा न पा वडा नं ३ | ३,६०० | |
| | | | ४५.१३ | जय बहादुर नेपाली | १,७०० | |
| | | | ४५.१४ | त्रि लक्ष्मी एडभरटाइजिङ प्रा लि | १२,१५० | |
| | | | ४५.१५ | धौलागिरी सेन्टर | ४,६०,५५५ | |
| | | | ४५.१६ | निशान कम्प्युटर नेपालगञ्ज | २,४८,४०० | |
| | | | ४५.१७ | न्यु भेरी गानापुर अटो | २,९८,००० | |
| | | | ४५.१८ | न्यु भेरी टेक्टर सप्लायर्स | ५७,५०५ | |
| | | | ४५.१९ | बिमल बहादुर हमाल | ९,५४० | |
| | | | ४५.२० | बिर्सना शाही | ३,००,००० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४५.२१</td><td>भवानी आ वि घुईर</td><td>३,०३०</td></tr>
<tr><td>४५.२२</td><td>मालिका स्वावलम्बी संजाल समूह</td><td>१,१४०</td></tr>
<tr><td>४५.२३</td><td>यलक महिला कृषि समूह</td><td>४,०००</td></tr>
<tr><td>४५.२४</td><td>सीमा कुमारी सुनार</td><td>८५०</td></tr>
<tr><td>४५.२५</td><td>सूर्य बहादुर शाही</td><td>२,३३०</td></tr>
<tr><td>४५.२६</td><td>हस्त बहादुर मल्ल</td><td>८५०</td></tr>
<tr><td>४५.२७</td><td>हिम बहादुर बढुवाल</td><td>५,०००</td></tr>
</table>
</td><td></td></tr>
